# महालेखापरीक्षकको कार्यालय
## Office of the Auditor General
बबरमहल/अनामनगर, काठमाडौं, नेपाल
Babarmahal / Anamnagar, Kathmandu, Nepal


(नीति, योजना, जनशक्ति, विकास र अन्तर्राष्ट्रिय सम्बन्ध निर्देशनालय)

पत्र संख्या : २०८२।०८३

च.नं.: १८६

मितिः २०८३।०२।२९

**विषयः आर्थिक संकेत बर्गिकरण र व्याख्या, २०७४ को छैठौं परिमार्जन स्वीकृत गरिएको सम्बन्धमा ।**

श्री महालेखा नियन्त्रक कार्यालय,
लेखा सुदृढीकरण तथा योजना शाखा,
अनामनगर, काठमाडौं ।

उपरोक्त सम्बन्धमा तहाँ कार्यालयको च.नं.२७३, मिति २०८३।०२।२५ को पत्र बमोजिम आर्थिक विधेयक, २०८३ को दफा १०, ११, १४, १६ र १७ कार्यान्वयनका लागि एकीकृत आर्थिक संकेत बर्गिकरण र व्याख्या, २०७४ को छैठौं परिमार्जन माननीय महालेखापरीक्षकज्यूको मिति २०८३।२।२९ को निर्णय अनुसार स्वीकृत गरि तिन प्रति संलग्न गरी पठाईको बेहोरा निर्देशानुसार अनुरोध छ।

(अनिता गौतम)
लेखापरीक्षण अधिकारी

बोधार्थः
श्री माननीय महालेखापरीक्षकज्यूको सचिवालय,

## एकीकृत आर्थिक सङ्केत वर्गीकरण र व्याख्या, २०७४ को छैठौं परिमार्जन

आर्थिक विधेयक, २०८३ को दफा १०,११,१४,१६ र १७ कार्यान्वयन गर्न केही राजस्व शीर्षकहरु थप गर्न यो परिमार्जन गरिएको छ ।

खण्ड दुईको दफा २.१ राजस्व सङ्केत तथा बर्गीकरण र व्याख्यामा परिमार्जन :

| राजस्व संकेत | राजस्व आधार शीर्षक, मूल शीर्षक, शीर्षक तथा उपशीर्षक | व्याख्या | प्रयोग हुने तह | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | संघ | प्रदेश | स्थानीय | |
| ११५६४ | आन्तरिक उत्पादन संरक्षण तथा प्रबर्द्धन शुल्क | नेपालभित्र पैठारी हुने वस्तुमा भन्सार विन्दुमा नै लाग्ने शुल्क यसमा पर्दछ । | ✓ | | | नयाँ |
| ११४४६ | शिक्षा समता शुल्क | निजी क्षेत्रबाट सञ्चालित सबै शैक्षिक संस्थाले सबै सेवा शुल्कमा लगाइएको विद्यार्थीबाट असुल गर्ने सबै प्रकारका शुल्क वापतको रकम यसमा पर्दछ । | ✓ | | | नयाँ |
| ११४४७ | स्वास्थ्य समता शुल्क | निजी क्षेत्रबाट सञ्चालित सबै स्वास्थ्य संस्थाले विरामी बाट असुल गर्ने सबै प्रकारका सेवा शुल्कमा लगाइएको स्वास्थ्य समता शुल्क वापतको रकम यसमा पर्दछ। | ✓ | | | नयाँ |
| ११५१६ | स्वच्छ पूर्वाधार लगानी शुल्क | नेपालभित्र उत्पादन वा पैठारी हुने विद्युतीय सवारी तथा ढुवानीका साधनमा लाग्ने शुल्क यसमा पर्दछ। | ✓ | | | नयाँ |
| ११४१३ | सीप प्रबर्द्धन शुल्क | सुन, चाँदी तथा तिनका गरगहना र वस्तुहरुको विक्रि गर्दा लगाइएको सिप प्रवर्द्धन शुल्क वापतको रकम यसमा जम्मा गरिन्छ । | ✓ | | | नयाँ |

तर्जुमा गर्ने
नाम : शोभाकान्त पौडेल
पद : महालेखा नियन्त्रक
दस्तखत :

स्वीकृत गर्ने
नाम : तोयम राया
पद : महालेखा परीक्षक
दस्तखत :

नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
अनामनगर, काठमाडौं

महालेखा परीक्षकको कार्यालय
नेपाल
२०१६